# सपना

(उमेर नपुगी गरिने विवाह रोकथाम बारे चित्रकथा)



# सपना

(उमेर नपुगी गरिने विवाह रोकथाम बारे चित्रकथा)

अवधारणाः हर टर्न र पिपुल इन निड, नेपाल
सहकार्यः अक्सफाम, नेपाल र मानवअधिकारका लागि महिला, एकल महिला समूह
कथा लेखनः एलेक्जान्ड्रा पर्चिन्स्का (ओला)
चित्रः रिती महर्जन र रवीन्द्र खनिया
डिजाइनः रोशन बस्नेत
छपाइः भेराइटी प्रिन्टर्स, काठमाडौं
प्रकाशन मितिः साउन, २०७३
© हर टर्न, महिला नेतृत्व नेपाल
पुरानो बानेश्वर, वासुकी मार्ग–१८५/२०, काठमाडौं

# चित्रकथा सन्दर्भमा

१२ वैशाख २०७२ को भूकम्पबाट बढी प्रभावित १४ जिल्लामा सिन्धुपाल्चोक र गोरखा पनि पर्दछन् । भूकम्पपछिको पुनर्स्थापना र पुनर्निर्माणको चुनौतीसँगै यी दुई जिल्लामा नगरी नहुने काममध्ये बालविवाहको रोकथाम पनि एक हो । यी जिल्लामा पहिल्यैदेखि बालविवाह मुख्य समस्याका रूपमा रहिआएको थियो र भूकम्पपछि यो समस्या झनै बढेको छ । भूकम्पपछिको क्षति मूल्याङ्कन प्रतिवेदनले समेत भूकम्पपछि प्रभावित क्षेत्रहरूमा उमेर नपुगी गरिने विवाहको जोखिम बढेको निष्कर्ष निकालेको थियो । प्रभावित कतिपय परिवारहरूले भूकम्पपछिको असुरक्षाको कारण देखाउँदै उमेर नपुगी सन्तानको विवाह गरिदिएको पनि पाइयो । उमेर नपुगी गरिने विवाहले विवाहित बालिका स्वास्थ्य, शिक्षा र आर्थिक अवसरहरूबाट समेत वञ्चित हुने जस्ता नकारात्मक असर पर्नुका साथै विवाहित बालकको भविष्य पनि जोखिममा परेका व्यावहारिक उदाहरणहरु छन् ।

बालविवाहसम्बन्धी समस्याको जटिलतालाई ध्यान दिंदै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पिपुल इन निड र अक्सफामद्वारा आफ्ना साझेदार संस्थाहरू महिला नेतृत्व नेपाल र मानवअधिकारका लागि महिला, एकल महिला समूहमार्फत सिन्धुपाल्चोक र गोरखामा 'भूकम्पपछि नेपालमा बालविवाह : सूचना, शिक्षा तथा सञ्चार सामग्री नमूना विकास परियोजना' तयार पारियो । परियोजनाको मुख्य उद्देश्य स्थानीय किशोरकिशोरी र अभिभावकमा चित्रकथा पुस्तिकामार्फत बालविवाहको जोखिम कम गर्नु थियो । विषयगत विशेषज्ञताका आधारमा महिला नेतृत्व नेपालले परियोजनाको संयोजन गऱ्यो ।

अहिले तपाईंको हातमा रहेको *सपनाः उमेर नपुगी गरिने विवाह रोकथाम बारे चित्रकथा* सोही परियोजनाकै प्रतिफल हो । यो चित्रकथामा भूकम्पपछिको असुरक्षित समयमा प्रमुख पात्र सपना र पासाङ उमेर नपुगी गरिने विवाहको जोखिमबाट कसरी जोगिन्छन् भनी देखाइएको छ । उनीहरूको विवाह हुन नदिन विद्यालयका साथीहरू, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका पनि उल्लेख्य छ । पुस्तिकामा उमेर नपुगी विवाह गर्दा हुने हानि र कानूनी प्रावधानसमेत बुझाउने प्रयत्न गरिएको छ ।

चित्रकथा तयार पार्न सिन्धुपाल्चोक र गोरखाका किशोरकिशोरी, शिक्षक र स्थानीयहरूले दिनुभएको महत्वपूर्ण सुझाव र सहयोगका लागि हार्दिक आभार प्रकट गर्न चाहन्छौं । साथैं चित्र, कथा, भाषा सम्पादन र ले-आउटलगायत प्रकाशन प्रक्रियामा सहभागी सबैलाई धन्यवाद दिन चाहन्छौं ।

यस पुस्तिकाले भूकम्प प्रभावित जिल्लाहरूमा उमेर नपुगी गरिने विवाह रोकथामका लागि प्रभावकारी भूमिका खेल्ने आशा गरिएको छ । चित्रकथा तपाईंलाई कस्तो लाग्यो ? कृपया हाम्रो ईमेल ठेगाना info@her-turn.org मा प्रतिक्रिया दिनुहोला ।

धन्यवाद ।

**हर टर्न परियोजना**
**महिला नेतृत्व नेपाल**
**मानवअधिकारका लागि महिला, एकल महिला समूह**
**पिपुल इन निड**
**अक्सफाम, नेपाल**

# पात्र परिचय



सपना



पासाङ



फूलमाया



सुमन



दुर्गा मिस



राजन सर



सपनाको बुवा



सपनाकी आमा



पासाङको बुवा



पासाङकी आमा

# दृश्य
# १

## सपना र पासाङ एकान्तमा भेट्छन् । केही दूरीमा गाउँ र विद्यालय देखिन्छ ।




तिम्रो लागि मैले केही ल्याएको छु।
के हो पासाङ ?
आहा ! कस्तो राम्रो। धन्यवाद, पासाङ।
सपना... हामीले भेटघाट गर्न थालेको पनि निकै भइसक्यो। म तिमीलाई केही सोध्न चाहन्छु।
के कुरा हो पासाङ ?
म तिमीलाई धेरै मन पराउँछु, तिमीसँग बिहे गर्न चाहन्छु।
हँ, तिमी अहिल्यै बिहे गर्न चाहन्छौ ?


किन र ? म तिमीलाई धेरै मन पराउँछु।
म पनि तिमीलाई धेरै मन पराउँछु, तर म भर्खर १५ वर्ष मात्र पुगेकी छु।
घरमा आमा एक्लै हुनुहुन्छ। उहाँले पनि मलाई बिहे गर्न कर गरिरहनुभएको छ।
खै, म के भनौं। यो त सारै ठूलो कुरा हो। मैले त यस बारे सोच्नै पर्छ।
सपना, आजकाल केटीहरू सुरक्षित छैनन्। हिजो धारामा ती केटाहरूले तिमीलाई दु:ख दिएको मैले देखें।
तिमीले पनि देख्यौ ? मलाई उनीहरूको व्यवहार पटक्कै मन पर्दैन। ती केटाहरूभन्दा तिमी फरक छौ। तर पनि यो विषयमा म अहिले केही भन्न सक्दिनँ। फूलमायासँग सल्लाह गर्छु नि ल !
ठीकै छ। ऊ तिम्रो मिल्ने साथी पनि हो। तर आउने महीना नै बिहे गरौं है।
म तिमीलाई खबर गर्छु नि है !

दृश्य
२

## सपना र फूलमाया विद्यालय अगाडि गफ गरिरहेका छन् ।




पासाङ र म बिहे गर्ने बारे सोचिरहेका छौं ।
के रे ? तिमी त भर्खरै १५ वर्ष मात्रै पुगेकी छ्यौ । किन अहिल्यै बिहे गर्नुपर्‍यो ?
भूकम्पपछि अस्थायी शिविरमा हामी सारै असुरक्षित छौं । बिहे गरेपछि म सुरक्षित हुन्छु जस्तो लाग्छ । पासाङले हामी पहिले उसको मामागाउँ जाने र पछि फर्केर आउने कुरा गरेको छ ।
हो र ? के यसो गर्नु राम्रो हो जस्तो लाग्छ तिमीलाई ? बिहेपछि धेरै केटी पढ्न छाड्छन् । आउने वर्षको एसएलसी तयारी गर्न हामीसँगै ट्यूसन जाने सल्लाह गरेको हैन ?
हो, मलाई थाहा छ, तर भूकम्पपछि सबै बदलिएको छ । विद्यालय भत्किएको छ । आउने वर्ष ट्युसन हुन्छ नै भनेर कसरी भन्नु ? फेरि पासाङ मलाई राम्रो व्यवहार गर्छ । उसको परिवार पनि राम्रो छ ।
किशोरावस्थामा हाम्रो शरीर र दिमागमा परिवर्तन भइरहेको हुन्छ र यसले हामीलाई अल्मल्याउन सक्छ । यस बारे “स्वास्थ्य तथा जनसंख्या” विषयमा लेखेको सम्झेकी छैनौ ?


सम्झेकी छु। र, यो अवस्थामा केटा र केटी एकआपसप्रति आकर्षित हुन्छन्। उनीहरू प्रेम र बिहे गर्ने सोच पनि बनाउन सक्छन्। म र पासाङबीच पनि यस्तै भएको हो।
तर ठूलो भएपछि उमेर नपुगी बिहे गरेकोमा उनीहरुलाई पछुतो लाग्छ। मेरी आमा सानो उमेरमै बिहे गर्नु नै आफ्नो जीवनको सबैभन्दा ठूलो गल्ती भएको बताउनुहुन्छ।


तर मेरी आमा हेरचाह गर्ने श्रीमान् हुने भएकोले विवाहित केटी बढी सुरक्षित हुन्छन् भन्नुहुन्छ। आमाले त मैले अहिल्यै बिहे नगरे केही अनिष्ट हुनसक्छ समेत भन्नुभएको छ।
तर सपना, तिम्रो पढाइ चाहिं ? पिंकीलाई सम्झिन्छ्यौ ? चार कक्षामै उसको बिहे भएपछि हामीले उसलाई कहिल्यै पनि देखेनौं।


हो त। पिंकी त कक्षाकै प्रथम थिइन्। उनीसँग गाउँ सुधार्ने थुप्रै योजना थियो। तर अहिले उनलाई घरको कामबाटै फुर्सद छैन।
बिहे गरेपछि अधिकांश केटीहरूको अवस्था त्यस्तै हुन्छ। उनीहरुले घरको काम धेरै गर्नुपर्छ। बुहारीलाई विद्यालय पठाउनु धेरैका सासुससुरा बेकार ठान्छन्।


फूलमाया, मेरो सुरक्षा बारे चिन्ता लिइरहेका बुबाआमाले कतै मैले मन नै नपराएका केटासँग बिहे गर्दिने त होइनन् भन्ने डर पनि लाग्छ ।
त्यो मैले बुझें । तर यति मात्र पढेर तिमी कसरी नर्स बन्न सक्छ्यौ ? तिमीले सोचेजस्तो स्वास्थ्य चौकीमा काम गर्न कहिल्यै पाउने छैनौ ।
तिमीलाई गर्भवती हुन्छु भन्ने डर लाग्दैन ? बिहेपछि जहिले पनि सासूससुरा बुहारीले छिट्टै छोराछोरी पाइदेओस् भन्ने चाहन्छन्, त्यो त तिमीलाई थाहा छ नि !
थाहा छ । मलाई स्कूल छाड्न मन छैन । तर मलाई पासाङ सारै मन पर्छ ।
जाऊँ, दुर्गा मिससँग कुरा गरौं । उहाँ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हो । उहाँलाई यस बारे सबै थाहा छ ।
थाहा छ । धेरै डर पनि लाग्छ । तर यस बारे कोही कुरा पनि गर्दैनन् । यो कसरी हुन्छ त्यो पनि थाहा छैन । तर के गर्ने खै ?


हे भगवान् ! म जान सक्दिनँ। सारा गाउँलेले मेरो प्रेम सम्बन्ध बारे थाहा पाएको म सुन्न चाहन्न।
तिम्रो प्रेम सम्बन्ध बारे केही नबताउँला। तिम्रै कुरा गरेको हो पनि नभनौंला। गाउँभरि कुरा सुनाउँदै हिंड्ने उहाँको काम पनि त हैन।


नाइँ, मलाई अप्ठ्यारो लाग्छ। लाज पनि लाग्छ।
तिमीले लाज मान्नुपर्दैन सपना। स्वास्थ्य स्वयंसेविकाले त सबैलाई यस्ता प्रश्नहरूको उत्तर दिनुहुन्छ।


उसोभए हुन्छ नि त... तर उहाँलाई पासाङ बारे केही पनि नबताऊ है।
कसम, भन्दिनँ। तिमी त मेरो मिल्ने साथी पो त। तिम्रो विश्वास कहिल्यै तोडुँला र ! हिंड जाऊँ।

दृश्य
३

## पासाङ र सुमन फूटबल मैदानमा कुरा गरिरहेका छन्।




पर्ख न। पहिले म तिमीलाई एउटा कुरा सुनाउँछु के।
के कुरा हो त्यस्तो ?
कक्षा ९ मा पढ्ने सपनालाई म साँच्चिकै मन पराउँछु भनेर तिमीलाई भनेको थिएँ नि, सम्झना छ ? अहिले हामी बिहे गर्ने योजना बनाइरहेका छौं।
ओहो, यो त ठूलो निर्णय हो।
म सपनालाई धेरै मन पराउँछु। उनी राम्री र टाठी छिन्। दिदीको बिहेपछि बूढीआमालाई एक्लै घरको काम भ्याउन पनि धौ धौ छ।
तिमीलाई विद्यालय छोड्नु पर्ला भन्ने डर लाग्दैन ? बिहे गरेपछि परिवारको जिम्मेवारी पनि बढ्छ।
म ड्राइभर बन्न सक्छु। मैले बस ड्राइभरसँग कुरा पनि गरिसकें, उसले शुरूमा कन्डक्टर बन्नुपर्छ भनेको छ। गाडी चलाउन सारै मज्जा आउँछ होला !
तर के तिमी जिन्दगीभर ड्राइभर हुन चाहन्छौ ? अहिल्यै विद्यालय छाडे त तिमीले केही गर्ने मौका पनि पाउँदैनौ।


खै, मैले उसलाई भागौं भनिसकें, आमाबाबुले पनि निकै कर गर्न थालिसके।
तर के तिमीलाई श्रीमती र बालबच्चाको जिम्मेवारी उठाउन डर लागेको छैन ?


खै...!
म त सक्दिनँ बा। म त अझै साथीभाइसँग रमाइलो गर्न, फूटबल खेल्न चाहन्छु।
मलाई पनि कता-कता दोमन भइरहेको छ। त्यही भएर त तिमीसँग कुरा गरेको।


श्रीमती र बालबच्चाका लागि महीनैपिच्छे पैसा कमाउनु निकै गाह्रो हुन्छ।
त्यो त हो। तर, म सपनालाई असाध्यै मन पराउँछु। उसका आमाबाबुले अरूसँग बिहे गरिदिएको म हेर्न सक्दिनँ।


तिमीलाई थाहा छ, मैले रेडियोमा सुनेको- कानून अनुसार बिहे गर्न २० वर्ष उमेर पुगेको हुनुपर्छ रे !
अनि ?
भन्नाले, तिमीहरूले अहिले बिहे गर्दा कानूनको उल्लंघन हुन्छ ।
त्यस्तो हुँदैन । यो त प्रेम विवाह हो ।


तर यो गैरकानूनी हो । रेडियोमा त यस्तै भन्थ्यो ।
हो र ? भनेपछि हामीले अपराध गरिरहेका हुन्छौं ? के म वा सपनाले जेल पनि जानुपर्छ ?


जाऊँ हिंड । खाजा खान जाऊँ । म भोकले मर्न लागिसकें ।
त्यो त मलाई थाहा छैन, तर केही गर्नुअघि तिमीले यस बारे राम्रोसँग सोचविचार चाहिं गर्नुपर्दछ ।

दृश्य
# ४

## सपना र फूलमाया महिला स्वास्थ्य स्वयंसेविकालाई भेट्न जान्छन् ।




हाम्रो एउटा साथी बिहे गर्ने विचारमा छे र गर्भवती हुन्छु कि भनेर डराइरहेकी छे !
बहिनीहरू कति वर्ष पुग्नुभयो नि ? तपाईंहरूको साथी पनि तपाईंकै उमेरकै हुनुहुन्छ होला, होइन ?
हामी १४ र १५ वर्षका भयौं । साथी पनि हाम्रै उमेरकी हो । यो उमेरमा आमा बन्दा स्वास्थ्यमा धेरै समस्या हुनसक्छ भन्ने सुनेकी छु । यस बारे बुझाइदिनुहुन्छ कि ?
भइहाल्छ नि ! बच्चा जन्माउनु गज्जबको कुरा हो, तर तपाईंले भन्नुभएको एकदम ठीक हो, उमेर नपुगी बच्चा जन्माउँदा आमा र बच्चा दुवैको स्वास्थ्यमा खतरा हुन्छ ।
किन र, मिस ?
किनभने यति ठूलो कामका लागि शरीर तयार भइसकेको हुँदैन । त्यसैले पनि उमेर नपुगी गरिने विवाह गैरकानूनी मानिएको हो ।


प्रेम होस् वा मागी विवाह, कानूनको नजरमा केही फरक पर्दैन- बिहे गर्ने व्यक्तिको उमेर कम्तीमा पनि २० वर्ष पुगेको हुनुपर्छ।
हो र ? मलाई त थाहै थिएन। प्रेम विवाह पनि गैरकानूनी हुन्छ र ?


उसो भए, उमेर नपुगी गर्भवती हुनेलाई के-कस्ता जोखिम हुनसक्छन् त मिस ?
आङ खस्ने समस्या एउटा ठूलो जोखिम हो। उमेर नपुगी बच्चा जन्माउँदा र मांसपेशी कमजोर हुँदा यस्तो समस्या हुन्छ।


मांसपेशी कमजोर भए के हुन्छ त मिस ?
कमजोर मांसपेशीले शरीरभित्रका अंगहरू थाम्न सक्दैन र आमाको पाठेघर तल झर्छ। त्यसलाई नै आङ खस्ने भनिन्छ।


त्यो भनेको के हो मिस ? त्यसपछि के हुन्छ ?
आङ खस्दा असाध्यै पीडा हुन्छ। रगत बग्ने, बस्न अप्ठ्यारो हुने, कसैलाई हिंड्न पनि कठिन हुन्छ। बच्चा पाउँदै गए, समयसँगै समस्या अझ गम्भीर हुनसक्छ।


आम्मामा... के यो निको पार्न सकिन्छ ?
शल्यक्रियाबाट केही आराम हुन सक्छ, अन्य उपायहरू पनि छन्। तर धेरै महिला डाक्टर भेट्नै लाज मान्छन्, कसैलाई पनि भन्दैनन्।


उमेर नपुगी गर्भवती हुँदा यति धेरै जोखिम हुनसक्छ भनेर मलाई थाहै थिएन। म मेरा सबै साथीहरुलाई यस बारे सुनाउनेछु।
हो, २० वर्ष नपुगी बिहे वा गर्भवती हुनुहुन्न भनेर सबैलाई बुझाउनुपर्छ। आमा र बच्चा दुवैका लागि यो सुरक्षित हुँदैन।


बच्चालाई चाहिं के हुनसक्छ मिस ?
उमेर नपुगी भएको गर्भधारणबाट जन्मिने बच्चा अस्वस्थ हुनसक्छ। मृत्यु पनि हुनसक्छ।
तर २० वर्ष नपुगी बिहे गरेका केही केटीलाई म चिन्छु। उनीहरू त ठीकै देखिन्छन् त ?
केही नभएजस्तो त देखिन्छ। तर नयाँ परिवार र बालबच्चा स्याहार्नु ठूलो जिम्मेवारी हो। के उनीहरू अझै स्कुल गइरहेका छन् त ?
अहँ। प्राय:जसोले बिहेपछि पढ्न छाड्छन्, किनभने उनीहरूसँग पढ्ने समय नै हुँदैन।
सही कुरा। राम्रो शिक्षा नभए, भनेजस्तो काम पाइँदैन। भनेजस्तो कमाइ हुँदैन र जे पायो त्यही काम गर्नुपर्ने हुन्छ। यसरी त परिवार पाल्ने मुश्किल हुन्छ।


मेरी आमा पनि यस्तै भन्नुहुन्छ । उहाँ २० वर्ष नपुगी बिहे गर्नु नै जीवनको सबैभन्दा ठूलो गल्ती ठान्नुहुन्छ । उहाँले पढ्दापढ्दै छाड्नु पऱ्यो र अहिले पैसा कमाउन पनि सक्नुहुन्न ।
तर कुनै केटीलाई मन नपरेको केटासँग आमाबाबुले जबरजस्ती बिहे गरिदिन खोजे के हुन्छ ? आफ्नो जीवनसाथी आफैँले रोज्नु नै राम्रो होइन र ?
केही आमाबाबुलाई उमेर नपुगी गराइने विवाह बारेको कानुन र नराम्रा परिणाम बारे थाहा छैन ।
तपाईंसँग कुरा गर्नु अघि मलाई पनि थाहा थिएन ।
त्यसैले पनि केही आमाबुबा छोरीको बिहे छिटो गरिदिने गर्छन् । यदि तपाईंहरूको साथीको आमाबाबुले पनि यस्तै योजना बनाइरहनुभएको छ भने म उहाँहरूसँग कुरा गर्न सक्छु ।
त्यो त मलाई थाहा छैन । उनले त्यस्तो नरूचाउन पनि सक्छिन् ।
धन्यवाद । हुन्छ, दुर्गा मिस । अहिले हामी जान्छौं । नमस्ते ।
उनीसँग कुरा गर्नुहोस् । मसँग कुरा गर्न आउनुभएकोमा ज्यादै खुशी लागेको छ । तपाईंहरूको साथी र उनका आमाबाबुसँग कुराकानी गर्न पनि म तयार छु भनी सुनाइदिनुहोला ।

## दृश्य ५

## भरिएको कक्षा, अगाडि राजन सर छन् ।




झोला पोको पार्दै गरेका पासाङ र सुमन बाहेक सबै कक्षा बाहिर निस्कन्छन्।
पासाङ, तिमीलाई सन्चै त छ ? आज तिमी निकै सोचमग्न देखिन्छौ।
होइन, सर।
पासाङ, भन न।
अँ, म, अँ...
पासाङ एउटी केटीलाई प्रेम गर्छ र बिहे पनि गर्न चाहन्छ।
सुमन !
तिमीहरूले यो कुरा सुनाएकोमा मलाई खुशी लाग्यो। ल आऊ, यस बारे केहीबेर कुरा गरौं।
सर, सुमनले मेरो उमेरमा बिहे गर्नु गैरकानूनी हो भन्यो। के यो सत्य हो ?


यो कुरा एकदम सही हो, पासाङ। दोषीलाई तीन महीनादेखि एक वर्ष सम्मको जेल सजाय र ५ हजार रुपैयाँसम्मको जरिवाना हुनसक्छ।
प्रेम विवाहमा पनि यस्तै सजाय हुन्छ र सर ?
प्रेम भए पनि मागी भए पनि २० वर्ष नपुगी गरिने विवाह गैरकानूनी हो। केटा वा केटीको उमेर फरक भए सजाय पनि फरक हुनसक्छ तर सजाय चाहिं हुन्छ, हुन्छ।
प्रेम गरेको र बिहे गर्ने इच्छा राख्दैमा हामीलाई किन सजाय दिने ? हामीले कसैलाई हानि पुऱ्याएका पनि त छैनौं !
यो त तिमीहरूकै सुरक्षाका लागि हो। तिमी जस्ता केटाले अहिल्यै बिहे गरे परिवार पाल्न विद्यालय छाड्नुपर्छ। त्यसो गरे, भविष्यमा राम्रो जागिर पाउन गाह्रो हुन्छ।
त्यो त म मिलाइहाल्छु नि सर ! गाडी कुदाएर पनि म धेरै पैसा कमाउन सक्छु।
उमेर नपुगी बिहे गर्ने केटीहरू पनि असुरक्षित हुन्छन्। गर्भावस्थामा उनीहरूलाई विभिन्न स्वास्थ्य समस्या हुनुका साथै ज्यानसमेत जान सक्छ।
यति धेरै असुरक्षा हुँदाहुँदै पनि यहाँका धेरै मान्छे किन चाँडै बिहे गर्छन् त सर ?


पहिले यस्तै परम्परा थियो। फेरि मानिसहरूलाई कानूनी व्यवस्था बारे पनि त थाहा छैन नि !
कसैकसैलाई परम्परा छाड्नुहुन्न भन्ने पनि लाग्न सक्छ तर यसले असुरक्षित वा अस्वस्थ होइन्छ भन्ने थाहा पाएपछि भने हामी विकल्प रोज्न सक्छौं।
मेरा केही साथीहरूले मागेर होइन आफैंले मन पराएर चाँडै बिहे गरे।
त्यस्तो हुनसक्छ। उनीहरू एकअर्काप्रति आकर्षित त हुन्छन् तर उमेर नपुगी विवाह गर्दाको जोखिम बारे थाहै हुँदैन।
मैले त मोबाइल फोन र सामाजिक सञ्जालले समेत उमेर नपुग्दै प्रेम विवाह बढाउँछ भन्ने सुनेको छु। सामाजिक सञ्जाल भनेको के हो सर ?
फेसबुक, ट्वीटर, यूट्यूब, भाइबर जस्ता थुप्रै अनलाइन माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ। यिनको प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ। सुरक्षित र जिम्मेवार ढंगले प्रयोग गर्नुपर्दछ।
त्यो भनेको के हो सर ?


उदाहरणका लागि, व्यक्तिको सम्पूर्ण जानकारी र सम्पर्क ठेगाना सामाजिक सञ्जालमा बाँड्नुहुँदैन।
किन र सर ?
सामाजिक सञ्जालमा गोपनीयता भन्ने नै हुँदैन। तिमीले केही व्यक्तिगत जानकारी पोस्ट गरेमा कसैले तिम्रैविरुद्ध त्यसको प्रयोग गर्न सक्छन्।
तर कसरी सर ?
सामाजिक सञ्जालबाटै तर्साउने, धम्क्याउने जस्ता थुप्रै दुर्व्यवहारका घटना भएका छन्।
हैट, सुन्दै डरलाग्दो।
त्यही त। केही कुरा एक चोटी अनलाइनमा राखियो भने त्यो सधैंका लागि हुन्छ भन्ने कुरा मानिसहरू बिर्सन्छन्।
तर इन्टरनेटबाट अनावश्यक कुरा हटाउन त सक्छौं नि सर !
खासमा त्यस्तो हुँदैन। र यदि सामाजिक सञ्जालको माध्यमबाट उमेर नपुगी नै बिहे भएको हो भने, त्यसको जोखिम बारे तिमीहरुले थाहा पाइसक्यौ।
मेरो छिमेकमा १५ वर्ष जतिकी केटी थिइन्, जो प्रविधिप्रति असाध्यै रूचि राख्थिन्। उनी पनि प्रेमीसँग भागेर गइन्। अहिले उनीहरुको सानो बच्चा छ।


उसो भए ती दुवैले पढाइ छाडिसके होलान् !
हँ, तपाईंलाई कसरी थाहा भयो सर ?
प्रायः त्यस्तै हुन्छ । परिवार बनाउनु ठूलो जिम्मेवारी हो र पढाइ बीचैमा छाडे राम्रो काम पाउन पनि गाह्रो हुन्छ ।
हो सर । मैले सुनेको, त्यो केटीको श्रीमान्लाई पैसा कमाउन धौ-धौ छ रे !
उसो भए पासाङ, अब तिमी के गर्छौ ?
पहिले त म सपनासँग कुरा गर्छु ।
धन्यवाद राजन सर, तपाईंसँगको कुराकानीले सारै सहयोग पुऱ्यायो ।
ठीक छ । ल म गएँ है त ।

दृश्य

६

# पासाङ र सपना विद्यालयमा कक्षामा नोटबूक साटिरहेका छन्।




(पासाङ र सपना विद्यालयपछि पहिलेकै एकान्त ठाउँमा भेट्छन् ।)
पासाङ, किन यति अबेर गरेको ?
सुमनसँग कुरा गर्दै थिएँ । अनि तिमीले के निर्णय गऱ्यौ त ?
खै... मैले पनि स्वास्थ्य स्वयंसेविकासँग कुरा गरें । उहाँको कुरा सुन्दा त अहिले बिहे गर्नु निकै खतरनाक हुन्छ जस्तो छ ।
हो, तर के त ? मेरा आमाबाबुले पनि १५ वर्षमै बिहे गरेका हुन् ।
दुवैजना मौन र गम्भीर देखिन्छन् ।
खासमा, मैले पनि राजन सरसँग कुरा गरें । म पनि अलमल्ल परेको छु । परिवार हुनु एउटा ठूलो जिम्मेवारी बोक्नु रहेछ । यसका लागि म तयार छु जस्तो पनि लागेको छैन ।
तर आमाबाबुले मेरो विवाह अर्कैसँग गरिदिए भने ? स्कुल त त्यतिबेला पनि त छाड्नै पर्छ । मलाई त्यस्तै हुन्छ भन्ने डर लागिरहेको छ । के गरौं ?
राजन सरले तिम्रो आमाबाबुसँग भेटेर कानून पनि सम्झाउने कुरा गर्नुभएको छ । प्रेम विवाह होस् वा मागी विवाह, दुवै गैरकानूनी नै हो रे !


स्वास्थ्य स्वयंसेविकाले पनि त्यस्तै भन्नुभयो। तर मेरा आमाबाबु पुराना सोचाइका छन्। मेरो बिहे अहिले नै गरिदिए, स्वर्गको बास पाइने उहाँहरूको विश्वास छ।
मेरा आमाबुबा पनि त्यस्तै त हुन नि ! पुराना मान्छेको सोचाइ नै त्यस्तो। उहाँहरूलाई घरको काम सघाउन बुहारी नै चाहिन्छ।
मलाई फेरि एक पटक फूलमायासँग कुरा गर्नुछ।
हुन्छ। तर निर्णय गर्न धेरै समय नलगाऔं। यदि बिहे गर्ने नै हो भने, अहिल्यै गर्नुपर्छ।
हुन्छ। मलाई अझै एक दुई दिनको समय देऊ न है।

दृश्य

७

# विद्यालय सकिएपछि सपना र फूलमाया भेट्छन् ।




हो नि तर के गर्नु ? आमाबाबुले जसरी भए पनि मेरो बिहे गर्दिन्छन् होला ।
केही त गर्न सक्छौं नि ! दुर्गा मिसले तिम्रा आमाबाबुसँग कुरा गर्न सक्छु भन्नुभएको थियो, एकचोटि प्रयास गरौं न ।
तर हामीले त उहाँलाई साथीको बिहेको योजना बारे सुनाएका थियौं । हामीले ढाँटेको उहाँलाई थाहा हुन्छ नि त !
उहाँले हाम्रो कुरा बुझ्नु हुनेछ भन्नेमा म ढुक्क छु । जाऊँ न । म पनि तिमीसँगै हुन्छु ।

दृश्य

८

# घरमा पासाङ खाना खाँदै आमाबाबुसँग कुरा गर्दैछन् ।




के हो छोरा ? के उसले तँलाई मन पराउँदिन ?
हैन, त्यस्तो हैन । तर मैले राजन सरसँग कुरा गरेको थिएँ । अहिले नै बिहे गर्नु सही हो जस्तो लागेन ।
के ? किन ?
के तँ तेरी आमालाई सहयोग गर्न चाहँदैनस् ?
चाहन्छु, तर २० वर्ष अघि बिहे गर्नु गैरकानूनी हो भन्ने थाहा पाएँ । त्यति मात्रै नभएर, यो एकदमै असुरक्षित पनि छ ।
वाहियात् । तँभन्दा सानो उमेरमा हाम्रो बिहे भएको हो । खै त, हामी राम्रै छौं त !
तर समय बदलिएको छ । म पहिले पढाइ सक्न चाहन्छु । त्यसो गरे मैले राम्रो काम पाउन सक्छु र भविष्यमा तपाईंहरूलाई अझ राम्ररी सहयोग गर्न सक्छु ।
तर घरको काम चाहिं ? मलाई कसले सघाउँछ ?
म सक्दो सघाउने प्रयास गर्छु नि आमा । मलाई स्कूल छोड्न फिटिक्कै मन छैन । मेरो पढ्ने उमेर हो, परिवार शुरू गर्ने हैन ।


तिमीलाई के लाग्छ, बूढी ?
खै, सानैमा बिहे गरेर गर्भवती भएपछि मलाई साह्रै गाह्रो भएको थियो। धेरै काम पनि गर्नुपर्थ्यो, साथीहरू भेट्ने समय कहिल्यै भएन।
मलाई यही कुराको त डर छ नि आमा ! र उसलाई पनि। म अहिले नै बिहे गर्न तयार छैन।
?
म कम्तीमा २० वर्ष नपुगुन्जेल पर्खिन चाहन्छु। यही नै राम्रो हुन्छ। राजन सरले यस बारे तपाईंहरूलाई अझ राम्ररी बताउन सक्नुहुन्छ।
ल ल, अब के गर्ने ? यदि तँ नै त्यस्तो चाहन्छस् भने हामी कर गर्दैनौं।
खा, छोरा खा। खाना थपिदिऊँ ?

दृश्य

८

# सपना, फूलमाया र दुर्गा मिस सपनाको अस्थायी शिविर आइपुग्छन् ।




हैन, हैन, पर्दैन।
हैन, चिया त लिनै पर्छ। छोरी, चिया पकाऊ त।
म तपाईहरूसँग सपनाको बारेमा कुरा गर्न आएकी। के तपाईहरूलाई उसको चिन्ता लागिरहेको छ ?
हो नि मिस। अझ अहिले त यो अस्थायी शिविरमा बस्नु परेकोले पनि होला झनै डर लाग्छ। शिविरमा केटीहरूलाई नराम्रो हुन्छ भनी गाउँलेहरू भनिरहन्छन्।
ऊ बालखै छे भन्ने हामीलाई पनि थाहा छ, तर बिहे गरेर घर पठाइदियो भने बढी सुरक्षित हुन्छे जस्तो लाग्छ।
म बुझ्छु यस्तो कुरा। भूकम्पपछि धेरैलाई असुरक्षा महसूस भएको छ। तर सपनाको बिहे गर्ने उमेर भएको छैन। उमेर नपुगी बिहे गरिदिनु झनै असुरक्षित हुन्छ। पहिले होस् वा अहिले।
किन र मिस ?


सानैमा बिहे गरिदिए उनीहरू श्रीमान् र उसको परिवारको घरेलु हिंसामा पर्ने सम्भावना धेरै हुन्छ ।
कसरी मिस ?
धेरैजसो बेहुली यति कम उमेरका हुन्छन् कि उनीहरूलाई आफ्नो अधिकार बारे जानकारी नै हुँदैन, केही भइहाल्यो भने पनि कहाँ र कसलाई गुहार्ने भन्ने थाहै हुँदैन ।
हामी त हाम्री बुहारीलाई राम्रै व्यवहार गर्छौं नि !
हो, मलाई थाहा छ, तर सबै परिवार तपाईंका जस्ता हुँदैनन् । बिहे गरेपछि अधिकांश बालिकाले पढाइ छाड्छन् । कमाउन सक्दैनन् र जीवनभर गरीबीमा बाँच्न बाध्य हुन्छन् ।
यो चाहिं सत्य कुरो हो है मिस । सानै उमेरमा बिहे गरेर सुखी हुनेहरू मैले पनि खासै देखेकी छैन ।


सपना सारै बाठी छिन्, नर्स भएर गाउँको स्वास्थ्य चौकीमा काम गर्ने ठूलो सपना पालेकी छिन् । पढाइसकेको केही वर्षमै उनी गाउँको ठूलो मान्छे बन्न सक्छिन् ।
त्यो त साँचो हो, हाम्री छोरी नर्स बनेर गाउँलेको सेवा गर्न चाहन्छिन् ।
फेरि उमेर नपुगी बच्चा जन्माउनु पनि जोखिमपूर्ण हुन्छ ।
मैले पनि उमेर नपुगी गर्भधारण गर्नेहरू रोगी हुन्छन् भन्ने सुनेकी छु ।
हो नि, उमेर नपुगी गर्भवती भए, आङ खस्ने वा फिस्टुला जस्ता समस्या हुन सक्छ ।
मेरी सानीआमालाई पनि त्यस्तै भएको थियो । सानै उमेरमा दुई सन्तान जन्माएपछि उहाँको स्वास्थ्य बिग्रिंदै गयो ।
त्यसैले हामीले हाम्रो छोरी सुरक्षित राख्नुपर्छ र कम्तीमा २० वर्ष उमेर नपुगुन्जेल बिहे गरिदिनुहुँदैन ।
मान्छेहरू सानै उमेरमा छोरीको बिहे गरिदिए आमाबाबु स्वर्ग जान्छन् भन्छन् त ?
अँ, मैले पनि यस्तो सुनें । र पोहोर नै धर्मगुरुसँग कुरा गरें । उमेर नपुगी गरिने बिहेका समस्याहरू पनि बताएँ । उहाँले पनि अब २० वर्ष उमेर नपुगेकाको बिहे गराउँदिनँ भन्नुभएको छ ।
हो र ?


हो त। अरू धर्मगुरूहरूले पनि उमेर नपुगी छोराछोरीको विवाह गर्नुहुँदैन भनी रेडियोमा बोलेको मैले सुनेकी छु। अनि अब सपनालाई के गर्ने त ?
मेरो विचारमा हामीले पर्खिनुपर्छ। उनी तयार भएपछि हामीलाई भने हुन्छ, तर २० वर्ष अघि चाहिं हुँदैन। के भन्छ्यौ बूढी ?
म पनि सहमत छु। तर यस्तो अस्थायी शिविरमा छोरीको सुरक्षा गर्न सक्छौं भन्ने के छ र ?
छोरी, यदि तिमीलाई यहाँ कसैसँग डर लाग्छ भने हामीलाई भन है। कतै जानुछ भने पनि साथी लिएर जानू।
हुन्छ, बुवा। स्कूल होस् वा पानी भर्न, म सधैं साथीसँगै त जान्छु।
कसैले ढु:ख दिइरहेको छ भने हामीलाई भन। हामी कुरा गर्छौं। तिमी सुरक्षित हुनुपर्छ भन्ने हाम्रो चाहना हो।
ढोकामा ताल्चा र शौचालयमा बत्ती भएदेखि म ढुक्क छु। शिविरमै भए पनि डर लाग्दैन।
लौ, ठीक छ। यो सुनेर मलाई खुशी लाग्यो। ल, अब म लाग्छु पनि।
पर्ख्नोस् न, अझै एउटा कुरा छ।
के कुरा ?
अब तपाईं खाना खाएर मात्रै जाने।

# दृश्य १०

**सपना र पासाङ खुला चौरमा छन् । दुवै एकअर्कालाई नभई भुईंमा हेरिरहेका छन् र अप्ठ्यारो मानिरहे जस्ता देखिन्छन् ।**




मलाई पनि त्यस्तै लागिरहेको छ। यो उमेरमा बिहे गर्दा धेरै नराम्रो हुनसक्छ।
मैले स्कूल छाडेर काम गर्नुपर्ने हुनसक्छ। राम्रो शिक्षाविना राम्रो काम पाउन सकिंदैन।
मेरो पनि त स्कूल छुट्छ नि ! परिवारको स्याहार गर्नु एकदमै गाह्रो काम हो।
र, अहिले नै बच्चा पाउनु त झनै ठूलो जिम्मेवारी हो !
मेरा लागि पनि सुरक्षित हुन्न। मेरो शरीर आमा बन्न तयार भइसकेको छैन।
तिमीलाई बिहेको कुरा गर्नु अघि मलाई यी सबै कुरा थाहा थिएन। अहिले आएर बिहे नगर्ने भन्दा तिम्रो मन दुख्ला कि ?
त्यसो होइन पासाङ। मलाई त हाम्रो कुरा मिलेकोमा खुशी लागेको छ। गैरकानूनी रूपमा धेरै जोखिम सहेर बिहे गर्ने सम्झेरै म डराइरहेकी थिएँ। कस्तो आङै जिरिङ्ग हुन्छ।
अब म २० वर्ष नपुगुन्जेल बिहे गर्दिनँ।
तिम्रो आमाबाबुले अरूसँगै बिहे गर्न कर गरे भने नि ?


अब उहाँहरूले त्यसो गर्नुहुन्न । उमेर नपुगी बिहे गर्नु कति असुरक्षित छ भनेर उहाँहरूले बुझिसक्नुभएको छ ।
मेरा आमाबाबुले पनि २० वर्ष नपुगी हामीले बिहे गर्नुहुन्न भनी बुझ्नुभएको छ ।
ल, अहिले म सुमनसँग फूटबल खेल्न जान्छु । बिहेको कुरामा उसले मलाई धेरै सहयोग गरेको छ ।
ल, ल म पनि फूलमायासँग कुरा गर्न जान्छु । उसले पनि मलाई धेरै सघाएकी छे ।
बाई, सपना ।
बाई, पासाङ ।

दृश्य

# ११

## सपना र फूलमाया विद्यालयमा छन् ।




उमेर नपुगी बिहे गर्दाका हानी बारे मैले बुझेँ। त्यसैले अब कम्तीमा २० वर्ष नपुगुञ्जेल म त बिहे गर्दिनँ। हाम्रो सम्बन्ध बारे पासाङ साँच्चिकै गम्भीर छ भने, उसले पनि पर्खिनुपर्छ।
तिम्रो विचार बद्लिएकोमा मलाई पनि सारै खुशी लागेको छ सपना।
पासाङको मन पनि बद्लिएको छ। उसले पनि राजन सरबाट कानून र समस्याहरू बारे थाहा पाएर सजग भएको छ।
त्यसो भए विछोड हुनु परेन। गज्जब भयो।
अब हामीले उमेर नपुगी गरिने विवाह किन जोखिमपूर्ण र गैरकानूनी छ भन्ने बारे साथीहरुलाई पनि बुझाउनुपर्छ। धेरैलाई यो कुरा थाहै छैन।
हो त। जाऔँ राजन सरसँग कुरा गरौं - हामीले यस बारे स्कूलमा पनि कार्यक्रम गर्न सक्छौं कि ?
सारै राम्रो उपाय। हाम्रो बाल क्लबले पनि सहयोग गर्न सक्छ कि ?
अबदेखि सानै उमेरमा कसैको बिहे हुने खबर पाएँ भने म आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, राजन सर र सहयोग गर्न सक्ने सबैलाई तत्काल खबर गर्छु। हामीले सबै साथीहरुलाई सुरक्षित राख्नुपर्छ। अब भन्नुपर्छ - बिहेवारी, २० वर्ष पारि।

## कानून:

- १० वर्षमुनिका नाबालक बालिकालाई बिहे गर्न जबरजस्ती गर्नेलाई ६ महीनादेखि १ वर्षसम्मको कैद सजाय र रू.१ हजारदेखि रू.१० हजारसम्मको जरिवाना हुनेछ ।
- १०-१४ वर्षका बालिकालाई बिहे गर्न जबरजस्ती गर्नेलाई ३ महीनादेखि १ वर्ष कैद सजाय र रू.५ हजारसम्म जरिवाना हुनेछ ।
- १४-२० वर्षका किशोरीलाई बिहे गर्न जबरजस्ती गर्नेलाई ६ महीनासम्मको कैद सजाय वा रू.१० हजार जरिवाना वा दुवै हुनसक्छ ।
- २० वर्ष मुनिका किशोर/किशोरीलाई बिहे गर्न जबरजस्ती गर्नेलाई ६ महीनासम्मको कैद सजाय वा रू.१० हजार जरिवाना वा दुवै हुनसक्छ ।

## उमेर नपुगी विवाह गर्दाका परिणाम:

- आमा बन्न शरीर तयार नभइसकेको हुँदा आङ खस्ने, फिस्टुला जस्ता विभिन्न स्वास्थ्य समस्या हुनसक्छ । बच्चा जन्माउन नसकी आमा र बच्चाको ज्यान पनि जान सक्छ ।
- उमेर नपुगी बिहे गर्दा विद्यालय छाड्नुपर्ने हुनसक्छ । भविष्यमा राम्रो जागिर पाइँदैन । राम्रो कमाइ हुँदैन ।
- उमेर नपुगी बिहे गर्ने महिलाले न पढ्न पाउँछिन् न घरबाहिरको काम गर्न । उनले श्रीमान्को कमाइमा भर पर्नुपर्छ । श्रीमान्-श्रीमती दुवैले काम नगरे घर चलाउन गाह्रो हुन्छ ।
- सानै उमेरमा श्रीमती र आमा बन्ने, घर पनि सम्हाल्नुपर्ने जिम्मेवारीले महिलामा मनोवैज्ञानिक असर पर्छ । उनीहरु घरेलु हिंसामा पर्न सक्छन् ।
- २० वर्षभन्दा कम उमेरमा बिहे गर्नु गैरकानूनी हो । कानून तोडे सजाय भोग्नुपर्छ ।

## सम्पर्क ठेगाना:

**सिविन हेल्पलाइन**
सिविन प्रधान कार्यालय
रविभवन, काठमाडौं, नेपाल
टेलिफोन: ०१-४२८२२५५, ०१-४२७८०६४
ईमेल: cwin@mos.com.np, sumni100@gmail.com,
cwinnraic@gmail.com
वेबसाईट: www.cwin.org.np

**सिविन हेल्पलाइन,** बाफल, काठमाडौं
टेलिफोन : ०१-४२७१०००, ०१-४६७१२१२, टोल फ्री : १०९८

**मेरी साथी**
हेल्पलाइन सेन्टर मेरी साथी फ्री हेल्पलाइन नामबाट लोकप्रिय छ । यसका दुई वटा टोल फ्री नम्बर छन् । १६६००११९७५६ (नेपाल टेलिकम), ९८०१११९७५६ (एनसेल)

हेल्पलाइन खुला रहने अवधि:
सोमबार - शुक्रबार: बिहान ९:३० देखि साँझ ७:०० बजेसम्म
आइतबार: बिहान ९:३० देखि अपरान्ह ५:३० बजेसम्म

**नेपाल सरकार**
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
महिला तथा बालबालिका विभाग
श्रीमहल, पुल्चोक, ललितपुर
टेलिफोन: ००९७७-०१-५५४७०१३, ००९७७-०१-५५२६७७९
फ्याक्स: ००९७७-०१-५५२१२१४
ईमेल: dwd1@wlink.com.np
वेबसाईट: www.dwd.gov.np

साथै, सुझाव र सहयोगका लागि विद्यालयका शिक्षक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, जिल्ला बाल कल्याण समिति, बाल क्लब, गाविस सचिव र प्रहरी कार्यालयमा पनि सम्पर्क गर्न सकिन्छ ।

her turn
educated. empowered. equal.

Women for Human Rights
single women group

OXFAM

PEOPLE IN NEED
CZECH REPUBLIC